# राष्ट्रियसभाबाट मिडिया काउन्सिल विधेयक पारित



**सौर्य समाचार**

काठमाडौं । राष्ट्रियसभाबाट 'मिडिया काउन्सिल विधेयक–२०८०' पारित भएको छ । सोमबार बसेको बैठकमा सञ्चारमन्त्री पृथ्वी सुब्बा गुरुङले प्रस्तुत गरेको विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित 'मिडिया काउन्सिल विधेयक, २०८० पारित गरियोस्' भन्ने प्रस्तावलाई बैठकले सर्वसम्मतिले पारित गरेको हो ।

त्यसअघि उक्त विधेयकको दफाबार छलफलमा सांसद राजेन्द्रलक्ष्मी गैरेले भाग लिएकी थिइन् । छलफलमा उठेका प्रश्नहरूको जबाफ दिँदै सञ्चारमन्त्री गुरुङले विधायन व्यवस्थापन समितिमा लामो समय छलफल भई पारित भएर राष्ट्रियसभामा आएको भन्दै मिडिया काउन्सिल विधेयकलाई बढी स्वायत्त बनाउन यस क्षेत्रको नियमन र स्वनियमन गर्ने सम्पूर्ण अधिकार दिएर कसरी मर्यादित, पृथक तथा स्वायत्त निकाय बनाउन सकिन्छ भनेर धेरै विषय उठाइसकेकाले सो विधेयकलाई सर्वसम्मतिले पारित गर्न अनुरोध गरेका थिए ।

मिडिया काउन्सिलसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्ने हेतुले तत्कालीन सञ्चारमन्त्री रेखा शर्माले २०८१ वैशाख १२ गते मिडिया काउन्सिल विधेयक दर्ता गराएकी थिइन् । उक्त विधेयक गत जेठ १३ गते राष्ट्रियसभामा प्रस्तुत भएको थियो । पत्रकारिता क्षेत्रमा पेसागत तथा व्यावसायिक आचरण कायम राख्न तथा स्वनियमनलाई प्रवर्द्धन गरी स्वच्छ, स्वतन्त्र र जबाफदेही पत्रकारिताको विकास तथा संरक्षणका लागि स्वायत्त नियामक निकायका रूपमा स्थापित गर्ने उद्देश्यले मिडिया काउन्सिल विधेयक ल्याइएको हो ।

स्वायत्त नियामक निकायका रूपमा स्थापना र सञ्चालन सम्बन्धमा नयाँ कानुनको मस्यौदा आवश्यक रहेकाले राष्ट्रिय आमसञ्चार नीति, २०७३ लागू भई प्रेस काउन्सिललाई पत्रकारिता क्षेत्रको आचारसंहिता उलंघनसम्बन्धी उजुरी सुनुवाइ गर्ने स्वतन्त्र, स्वायत्त र सक्षम निकायका रूपमा विकास गर्न तथा पत्रकारिताको क्षेत्रमा आएका परिवर्तन एवं प्रविधिमा भएको विकासको प्रयोगलाई आत्मसात् गरी प्रेस काउन्सिललाई मिडिया काउन्सिलमा रूपान्तरण गरी सक्षम निकायका रूपमा विकास गर्न विधेयक ल्याइएको जनाइएको छ ।

समय सापेक्ष विद्युतीय अनलाइन र छापा पत्रकारिता पेसालाई मर्यादित, उत्तरदायी, जिम्मेवार एवं विश्वसनीय बनाई स्वच्छ तथा स्वतन्त्र रूपमा पत्रकारिताको विकास, संरक्षण तथा नियमनलाई व्यवस्थित बनाउन कानुन निर्माण गर्नु आवश्यक भएकाले सो विधेयक ल्याइएको उल्लेख गरिएको छ ।

बैठकमा राष्ट्रियसभाका सचिव डा. सुरेन्द्र अर्यालले राष्ट्रियसभाबाट पारित भई सन्देशसहित प्रतिनिधिसभामा पठाइएको 'विधायनसम्बन्धी विधेयक, २०८०' का सम्बन्धमा प्रतिनिधिसभाबाट प्राप्त सन्देश सभासमक्ष जानकारी गराई टेबुल गरेका थिए । राष्ट्रियसभाको अर्को बैठक आगामी ४ फागुन, दिउँसो १:१५ बजे बस्नेछ ।

# पाशुपत क्षेत्रमा महाशिवरात्रिको तयारी सुरु

**सौर्य समाचार**

काठमाडौं । पाशुपत क्षेत्रमा महाशिवरात्रिको तयारी सुरु भएको छ । महाशिवरात्रिको तयारी स्वरुप पशुपतिनाथ क्षेत्रमा सफाइ गरिएको छ ।

पशुपति क्षेत्र विकास कोषका सदस्यसचिव डा. मिलनकुमार थापाको नेतृत्वमा भएको सफाइमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, कोषका कर्मचारी, स्थानीय एवं भक्तजनको पनि सहभागिता थियो । महाशिवरात्रिमा पशुपतिलाई आकर्षक रूपमा सजाउन रङरोगन गरिने सदस्यसचिव थापाले बताए । महाशिवरात्रिका लागि पशुपति क्षेत्रमा विभिन्न देवीदेवताका आकर्षक भित्तेचित्र पनि बनाइने भएको छ । त्यसको काम पनि सुरु भएको कोषले जनाएको छ । पशुपति क्षेत्रमा अहिले महाशिवरात्रिको पूर्वतयारीका लागि काम भइरहेको छ ।

यस वर्ष भारतको प्रयागराजमा चलिरहेको महाकुम्भमा आएका धेरै साधुसन्त पनि आउन सक्ने अनुमान गरेर त्यसै अनुरुप तयारी सुरु गरिएको कोष, संस्कृति संरक्षण महाशाखाका निमित्त प्रमुख ईश्वर भण्डारीले बताए । महाशिवरात्रिमा पशुपतिनाथ आउने साधुसन्त प्रत्येक वर्ष बढ्ने गरेका छन् । यस वर्ष महाकुम्भकै कारण पनि साधुसन्तको संख्या बढ्ने अनुमान गरिएको छ ।

महाशिवरात्रिको तयारीका लागि कोष सञ्चालक परिषद्को बैठक बसेर अन्य तयारीका काम पनि अघि बढाइने भएको छ । प्रत्येक वर्ष महाशिवरात्रिका दिन फागुन कृष्ण त्रयोदशीमा नेपाल र भारतका विभिन्न स्थानबाट लाखौं भक्तजन पशुपति क्षेत्रमा आउने गर्छन् । यस वर्ष फागुन १४ गते बुधबार महाशिवरात्रि पर्व परेको नेपाल पञ्चांग निर्णायक विकास समितिले स्वीकृति दिएको पात्रो (पञ्चांग) मा उल्लेख छ ।

## ललितपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**पुल्चोक, ललितपुर**
**बागमती प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१।१०।२९ गते**

यस ललितपुर महानगरपालिकामा रीतपूर्वक पेश हुन आएका बोलपत्रहरुको मूल्याङ्कन समितिबाट भएको सिफारिस अनुसार देहायमा उल्लेखित न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S.N. | IFB No. | Description of Work | Name of Contractor | Quoted Amount (Including VAT and PS) |
|---|---|---|---|---|
| 1. | Contract Id No.LMC-NCB-WORKS-081/82-4 | Mahalaxmi Bhainsepati Motorable Bridge Maintenance Works | Shiva Nirman Sewa | NPR. 44,86,745.88 |

# ६ महिनामै फेरिए अर्थसचिव

**सौर्य समाचार**



काठमाडौं । सरकारले ६ महिनामै अर्थसचिव परिवर्तन गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले अर्थ मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरेलाई राष्ट्रपति कार्यालयमा सरुवा गरेको हो । गत साउनमा मात्रै अर्थ सचिवको जिम्मेवारी पाएका उनी ६ महिनामै सरुवा भएका हुन् ।

सरकारले अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सचिव घनश्याम उपाध्यायलाई अर्थ मन्त्रालयमा ल्याएको छ । उनी यसअघि काठमाडौं र ललितपुरको प्रमुख जिल्ला अधिकारीसमेत भएर काम गरिसकेका व्यक्ति हुन् । यस्तै, राष्ट्रपतिको कार्यालयका सचिव नारायणप्रसाद शर्मा दुवाडीलाई अख्तियारको सचिवको जिम्मेवारी दिइएको छ । यस्तै, बैठकले लुम्बिनी प्रदेशका कामु सचिव बाबुराम अधिकारीलाई सचिवमा बढुवा गरेको छ ।

**Government of Sudur Pashchim Province**
**Ministry of Social Development**
## Province Public Health Laboratory
**Dhangadhi, Kailali, Nepal**

### Re-Invitation notice for BID

**Date of publication: 2081/10/29 February 11,2025)**

The **Province Public Health Laboratory Dhangadhi-13, Kailali** invites electronic bids from eligible bidders for the following goods under National competitive bidding–**Single Stage Two Envelope procedures** specified in public procurement Act & Regulations as.

| IFB No | Description of Goods | Bid Security | Bid Security Validity |
|---|---|---|---|
| PPHLSPP/G/NCB-01/2081-082(RE) | The Procurement, Supply and Delivery of Ultra-Modern Microbiology and Infectious Lab Setup Machine | Rs.12,50,000.00 | 120 days after bid opening |

**Eligible Bidders may obtain further information and inspect the bidding documents at the PPMO eGP system www.bolpatra.gov.np/egp. For more Information: Telephone:-+977-091-590684, email: provincelaboratory07@gmail.com**

**Acting Director**

## लुम्बिनी बौद्ध विश्वविद्यालय
**लुम्बिनी, नेपाल**

### सिलबन्दी दरभाउ पत्र रद्ध गरिएको सूचना

यस लुम्बिनी बौद्ध विश्वविद्यालयबाट मिति २०८१ माघ २७ गते आह्वान गरिएको Design, Development, Install, Commissioning, and Maintenance of a Unified Exam Management Platform (UEMP) सम्बन्धी सिलबन्दी दरभाउ पत्र नं. LBU/Goods/SQ/2/081-82 सम्बन्धी सूचना विशेष कारणवश रद्द गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**थप जानकारीका लागि ०७१-४०४०८८ मा सम्पर्क गर्न सकिनेछ ।**

## नाम परिवर्तन सम्बन्धि सूचना

यस **विद्या शिल्प एकेडेमी झापा (र.न.१४४९२१/०७२।०७३)** कम्पनीको अंग्रेजीमा **VidyaShipa Academy Jhapa (Pvt.Ltd.) प्रा.लि.(र.न.९६२०२/०६९/०७०**) को मिती ०८१।९।२४मा सम्पन्न विषेश साधारण सभाको निर्णय वमोजिम यस कम्पनीको नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायीत्व तिर्ने व्यहोर्ने गरि परिवर्तित नाम **विद्या शिल्प एकेडेमी झापा (प्रा.लि.)** अंग्रेजीमा **VidyaShilpa Academy Jhapa (Pvt. Ltd.)** कायम भएको व्यहोरा सम्वन्धित सवैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

## वैदेशिक रोजगार विभागको सार्वजनिक सूचना

प्रकाशित मिति २०८१/१०/२९ गते

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजत प्राप्त तपसिल बमोजिमका श्री **APPS SERVICES PVT. LTD.** (ई.प.नं. ११७२/०७३/७४) को सञ्चालक शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरू दा.खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैतीस**) दिनभित्र सबुद प्रमाण सहित **वैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपसिल**

| साबिक शेयरधनीको नाम / शेयर संख्या | अब कायम हुने शेयरधनीहरुको नाम शेयर संख्या |
|---|---|
| १. उत्तम वहादुर कुवर (०१ - ५००००) | १. ओमित गुरुङ (०१ - ५००००) |

## सडक डिभिजन जुम्ला

### बोलपत्र स्वीकृति सम्बन्धि आशयको सूचना

**(सूचना प्रकाशित मितिः २०८१।१०।२९)**

यस सडक डिभिजनको मिति २०८१।०८।२८ गतेको हिमालय टाईम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना नं. ०३/०८१/८२ अनुसार रीतपूर्वक पेश हुन आएका बोलपत्रहरुको नियमानुसार मूल्यांकन गरिंदा तपसिल बमोजिमको बोलपत्रदाताहरुको प्रस्ताव सारभूत रुपमा प्रभावग्राही र न्यून्तम मूल्यांकित रहेको पाईएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतको लागि सोहि ऐनको दफा २७ को उपदफा (२) र (३) प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| S. N | Contract Number | Descriptions of Work | Name and address of Contractor | Quoted Amount NRs.(Including VAT & PS) |
|---|---|---|---|---|
| 1 | RDJML/337310113/081/82-15 | Rehabilitation Works along Surkhet Tallo Dungeshor-Satkhamba-Dullu-Pipalkot-Khulalu-Manma-Nagma-Jumla Sadak, (NH61-003, Khulalu - Ghodena Section/ Ch:82+000 to 89+000 ), Kalikot | Bhairab Masta Nirman Sewa, Bhagbatimai-03, Dailekh | 12,818,547.00 |
| 2 | RDJML/337310113/081/82-18 | Rehabilitation Works along Surkhet Tallo Dungeshor-Satkhamba-Dullu-Pipalkot-Khulalu-Manma-Nagma-Jumla Sadak, (NH61-004, Ghodena-Nagma Section/Ch:116+000 to 121+260), Kalikot | Bhairab Masta Nirman Sewa, Bhagbatimai-03, Dailekh | 11,248,339.55 |
| 3 | RDJML/337310113/081/82-19 | Road & Traffic Safety Works along Karnali Highway NH61 (Khulalu-Manma-Nagma Section), Kalikot | Malika Builders, Birendranagar-03, Surkhet | 3,553,624.00 |
| 4 | RDJML/33701136/081/82-20 | Road & Traffic Safety Works along Karnali Highway NH61, (Nagma-Jumla Khalanga Section), Jumla | Bala Tripura Sundari Nirman Sewa, Thuliveri-03 | 10,131,523.50 |
| 5 | RDJML/337310113/081/82-21 | Road Upgrading & Improvement Works along Regil dekhi Chwok Hudai Lusaserjeula Swastha Chauki Samma Sadak, Kalikot | Anarupa Nirman & Suppliers, Mahawai-05, Kalikot | 1,498,687.58 |
| 6 | RDJML/337310113/081/82-22 | Road Improvement and Upgrading Works along Jogi Bada Dekhi Syan Jilaula Samma Sadak Soru Na.Pa.2,Mugu | Rinamokcha Work Suppliers And Construction, Mugu | 1,451,173.50 |
| 7 | RDJML/33701138/081/82-24 | Road Upgrading & Improvement works (Roadway Excavation and structure work) along Rara Highway NH56 (Topla-Jumla-Mugu Rara Section), Topla-Triveni Section, Jumla | Buddha Nirman Sewa, Jumla | 9,418,478.44 |
| 8 | RDJML/337310113/081/82-25 | Road side & cross drainage Maintainance work along Karnali Highway NH61, Ghodena-Nagma-Jumla section., Jumla | Chandannath Bhairabnath Nirman Sewa, Kabeshowari, Kathmandu | 2,999,707.80 |

**नि. डिभिजन प्रमुख**